# सहिदभूमि गाँउपालिका वडा नं. ३ र ७ मा पर्ने सालबोटे खानी क्षेत्रबाट चुनढुंगा उत्खनन् कार्यको स्थलगत अनुगमन प्रतिवेदन



अनुगमन गरिएको मिति
२०८१/११/१८

## जिल्ला अनुगमन समितिद्वारा धनकुटा जिल्लाको सहिदभुमि गाँउपालिका वडा नं. ३ र ७ मा पर्ने सालबोटे खानी क्षेत्रमा संचालन चुनढुंगा उत्खनन् कार्यको स्थलगत अनुगमन प्रतिवेदन

१. बिषय प्रवेश

धनकुटा जिल्ला सहिदभुमि गाउँपालिकास्थित वडा नं. ३ र ७ (साविक आँखीसल्ला गा.बि.स. वडा नं. ४ छिन्ताङ्ग) अन्तर्गतको सालवोटे खानी क्षेत्रबाट चुनढुंगा उत्खनन् का लागि श्री दन्तकाली वर्वेनिज प्रा.लि., विराटनगर-२, मोरंग लाई खानी तथा खनिज पदार्थ ऐन,२०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली,२०५६ वमोजिम मिति २०८०/०५/०६ देखि २११०/०५/०५ सम्म (तीस वर्ष) को लागि कुल २१.८५ हेक्टर क्षेत्रमा ठुला स्तरको चुनढुंगा उत्खनन् कार्यको अनुमति प्रदान गरिएको थियो ।

खानी तथा भूगर्भ विभागवाट मिति २०८०/०४/२९ गते स्वीकृत भएको प्रारम्भिक वातावरण परिक्षण (IEE) वमोजिम उत्खनन् का सर्त बन्देजमा रही, प्रत्येक आ.व. मा नियमानुसार नवीकरण गराउने गरी मिति २०८०/०५/०५ मा विभागीय निर्णयानुसार अनुमति पत्र नं १२/०८०/८१ जारी गरिएको थियो । कुल उत्खनन् क्षेत्र २१.८५ हेक्टर मध्ये २.६६ हेक्टर वन क्षेत्रमा पर्ने भएकोले सम्वन्धित निकायवाट भोगाधिकार प्राप्त भएपछि मात्र उत्खनन् कार्य गर्ने व्यवस्था रहेको छ । खानी तथा खनिज पदार्थ नियमावली २०५६ नियम २१ मा व्यवस्था भएअनुसार निकालिएको खनिज पदार्थको परिमाणको आधारमा अनुसूची १० वमोजिम रोयल्टी सम्बन्धित बिभाग तथा गा.पा. मा मासिक रुपमा वुझाउनु पर्ने व्यवस्था रहेको छ । यस्तै वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा सम्वन्धित डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय संग समन्वय गरी कार्य संचालन गर्नुपर्ने छ ।

सो उत्खनन् कार्यका निम्ति मूलद्वारको रुपमा मुलघाटलाई स्थापन गरिएको छ । दैनिक उत्खनन् का निम्ति २००० मे.टन. चुनढुंगा स्वीकृत रहेको छ । स्वीकृत वार्षिक कार्यदिन जम्मा २७० दिन रहेकोमा वार्षिक क्षमता ५,४०,००० मे.टन. स्वीकृत भएको छ । यस आ.व. को माघ महिनासम्मको जम्मा उत्खनन् परिमाण २५०१३.०८ मे.टन. रहेको उपलब्द कागजातबाट पाइएको छ ।

यसै क्रममा ढुंगा गिट्टी तथा वालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७७ को दफा ९ वमोजिम गठित जिल्ला अनुगमन समितिले नदि तथा खानीजन्य सामग्रीको

व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी सम्वन्धित उत्खनन् वा संकलनकर्तालाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको हुँदा मिति २०८१/११/१२ गतेका दिन सो जिल्ला अनुगमन समिति सदस्य मनोनयन गरी उक्त खानीक्षेत्रमा भइरहेको कार्यको मिति २०८१/११/१८ गते स्थलगत अनुगमन गर्ने निर्णय भए अनुरुप अनुगमन गरि यो प्रतिवेदन तयार पारिएको हो ।

## २. जिल्ला अनुगमन समितिको टोलिमा संलग्न कर्मचारीहरुको विवरण

१. श्री निगन तामांग, प्रमुख, जि.स.स.-संयोजक

२. श्री मनोज राई, अध्यक्ष, सहिदभुमि गाउँपालिका-सदस्य

३. श्री टुवराज पोखरेल, प्र.जि.अ.,धनकुटा-सदस्य

४. श्री श्यामसिंह चौधरी, प्र.उ., जिल्ला प्रहरी कार्यालय,धनकुटा-सदस्य

५. श्री मदन नाथ , सशस्त्र प्र.ना.उ.,सशस्त्र प्रहरी बल,छिन्ताङ गुल्म,धनकुटा-सदस्य

६. श्री अमृत विलास पन्त, वन अधिकृत, डिभिजन वन कार्यालय,धनकुटा-सदस्य

७. श्री विवेक काफ्ले,इन्जिनियर,जि.स.स.,धनकुटा-सदस्य

८. श्री प्रविनहाङ योङहाङ, नि.जि.स.अ.,जि.स.स. धनकुटा-सदस्य सचिव

## ३. अनुगमन कार्यमा अवलम्बन गरिएको विधि

क. स्थलगत अवलोकन

ख. स्थानीय वासिन्दा तथा जनप्रतिनिधिहरुसँग छलफल

४. अनुगमन गर्दा देखिएको अवस्था

- चुनढुंगा उत्खनन्/संकलन कार्य सुरुवाती चरणमा रहेको देखिएको
- खानी क्षेत्रको भू-भागमा पर्ने निजी घर-जग्गाको खरिद कार्य सम्पन्न भएपनि केहि संरचना हटाउने कार्य बाँकी रहेको देखिएको
- सो खानी संकलन क्षेत्रबाट तल्लोपट्टि रहेका केहि घर/जग्गा खरिद गर्न कागजी प्रक्रियाले कठिनाई भई जोखिमपूर्ण अवस्थामा रहेको देखिएको
- चुनढुंगा ढुवानी कार्य सहज बनाउनका निम्ति मूलद्वार (मुलघाट) बाट उक्त खानीस्थल सम्मको प्रवेश बाटो स्तरोन्नति गरेको देखिएको
- हालसम्म संकलित चुनढुंगा ओसारपसार गर्नुपुर्व उक्त मात्राको यकिन गर्नलाई तौल-पुलको निर्माण तथा गुणस्तर परिक्षण भएता पनि संचालनमा नआएको देखिएको
- सो उत्खनन् कार्यका निम्ति साईट अफिस निर्माण भएको देखिएको
- उत्खनन् क्षेत्रमा सूचना पाटि तथा Warning sign/board राख्न बाँकी रहेको
- माइनिंग बेंच तथा ओभरबर्डन् सुरक्षित राख्नका लागि डम्पयार्डको निर्माण बाकीं रहेको
- वर्षातको समयमा पानीको निकासीको लागि ड्रेनेज सिस्टमको व्यवस्थापन बाँकी रहेको

५. योजना सञ्चालनका क्रममा देखिएका समस्याहरु

- मुआब्जा तथा खरिद गरिएको भएता पनि केहि जग्गा तथा संरचना अझैसम्म पनि सो क्षेत्रबाट नहटेकोले उत्खनन् कार्यले अपेक्षित गति लिन नसकेको
- सडकको चौडाई साविकको भन्दा थप फराकिलो (कम्तिमा ११ मि.) नभएकोले चुनढुंगा ढुवानी कार्यमा कठिनाई भएको गुनासो पाइएको

६. सुधारका उपाय र सुझाव

- विभागले तोकेका शर्तबमोजिम सिमांकन गरिएको खानी क्षेत्रभित्र जोखिमपूर्ण भागहरुमा पूर्वसूचना दिन आवश्यक Warning Signs/Board तथा सो खानी सम्बन्धि जानकारीका लागि सूचना पाटिको व्यवस्थापन तुरुन्त गर्नुपर्ने
- खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ बमोजिम उत्खनन् गरीएको चुनढुंगाको परिमाण मापनका निम्ति तौल-पुललाई अनिवार्य कार्यन्वयनमा ल्याएपछि मात्र

उत्खनन् कार्य थाल्नुपर्ने र सो कार्यको लागि आवश्यक निगरानी सम्बन्धित पालिकाबाट गराउनुपर्ने

- त्यसै सेतवर्षोजिम सो ढुवानी रेकर्डलाई दैनिक/मासिक रुपमा ICT को माध्यमबाट विभाग, जि.स.स. को कार्यालय धनकुटा र सहिदभुमि गा.पा.मा नियमित पठाउनु पर्ने
- निरन्तर निगरानी तथा सुरक्षाका निम्ति खानी स्थलको तौल-पुल क्षेत्रलाई समेट्ने गरी CCTV क्यामेरा जडान गरेर गा.पा.लाई निगरानी तथा अनुगमनका निम्ति पहुँच पुर्याउनुपर्ने
- सो खानी क्षेत्रका परिधीभित्र रहेका घर/जग्गा पूर्णरुपमा आफ्नो स्वामित्वमा ल्याई संरचना तथा खानीसंग असम्बन्धित ब्यक्तिहरुलाई सो क्षेत्रभित्र प्रवेश निषेध गरी जोखिममुक्त बनाएर मात्र सो कार्य सुचारु गर्नुपर्ने
- वर्षातको समयमा पानीले सो क्वारी क्षेत्रको Downstream मा रहेको मोटरबाटोमा क्षति हुन नदिन निकासी ड्रेन साथै पहिरो नियन्त्रण तथा भिर कटान रोकथामका निम्ति अन्य संरचना (चेक ड्याम ,सिल्टिंग पण्ड) को उचित व्यवस्था गर्नुपर्ने
- उत्खनन् कार्यवाट निस्केका वेष्टको परिमाण सकेसम्म न्यूनीकरण गरी सोलाई उपयुक्त डम्पयार्डमा घेरी सुरक्षित राख्नुपर्ने
- ढुवानीको क्रममा स्थानीय सडकमा असर पर्न गएमा सोको मर्मत सम्भार गर्नुपर्ने साथै धुलो उड्न नदिन पानी छर्कने व्यवस्थापन गरिएता पनि स्थानीयवासीको गुनासोलाई मध्यनजर गर्दै सोको रोकथामका निम्ति नियमित रुपमा पर्याप्त पानी छर्की सम्बन्धित क्वेरिज प्रा.लि. बाट स्वस्फुर्त अवलम्बन गर्नुपर्ने
- उत्खनन् कार्यका दौरान कामदारलाई सुरक्षा सामग्री जस्तै हेल्मेट, बुट, पन्जा आदिको प्रयोग गराएर मात्र काममा लगाउनु पर्ने
- स्वीकृत IEE मा उल्लेख भएबमोजिमको माइनिंग पद्दतिलाई अपनाई तोकिएको जनशक्ति अनुसार अनिवार्य प्राविधिकको रेखदेखमा मात्र उत्खनन् कार्य गर्नुपर्ने
- ढुवानीका क्रममा टिप्परको डालामा त्रिपालले छोपेर सुरक्षित गरेर मात्र ढुवानी गर्नुपर्ने व्यवस्था बनाई नियमित अनुगमन गराउनुपर्ने
- खानी संचालनको हकमा सम्बन्धित स्थानीय तह बढी जिम्मेवार हुने भएकोले सम्झौता तथा कार्यन्वयनका बखत सो पालिकासंग आवश्यक समन्वय तथा सल्लाह लिएर मात्र विभागसंग तोकिएको क्वेरिजले सम्झौता गर्नुपर्ने
- योजना सम्झौता तथा निर्देशन दिंदाका बखत पालिकालाई समेत सामेल गर्नेगरी त्रिपक्षीय सम्झौता गर्ने व्यवस्थाका लागि विभागले पहल गर्नुपर्ने

७. अनुगमनका क्रममा लिईएका तस्विरहरु :











